**Kaladarpan | Volume : 6 | No.: 1 | 2026, July, pages 123-134**

DOI : https://doi.org/10.3126/kaladarpan.v6i1.97851

# विद्यालय शिक्षामा पूर्वीय दार्शनिक चिन्तनको व्यावहारिक प्रयोग

अग्निधर पराजुली

Email: parajuliagnidhar@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययन कालीगण्डकी गाउँपालिका, गुल्मीका ग्रामीण विद्यालयहरूमा पूर्वीय दर्शन (वेद, उपनिषद्, भगवतगीता र बौद्ध शिक्षादर्शन) का सैद्धान्तिक सिद्धान्तहरूको व्यावहारिक प्रयोग र त्यसले सिकाइ अभ्यासमा पार्ने प्रभावको अध्ययन एवम् विश्लेषणमा केन्द्रित छ । छात्र-छात्राहरूको सिकाइ प्रक्रियालाई मूल्य-नैतिकता, ध्यान र गुरु-शिष्य सम्बन्धजस्ता पूर्वीय अवधारणाले कसरी सकारात्मक रूपमा रूपान्तरण गर्न सक्छ भन्ने यस अनुसन्धानको मुख्य प्रश्न हो । अन्तरवार्ता, अवलोकन तथा सहभागीहरूबाट सङ्कलित गुणात्मक तथ्याङ्क विश्लेषणबाट थुप्रै महत्त्वपूर्ण नतिजा प्राप्त भएको छ । पूर्वीय दर्शनका सिद्धान्तहरू व्यवहारमा लागू गर्दा विद्यार्थीहरूमा सकारात्मक व्यवहार, आत्मअनुशासन र एकाग्रता वृद्धि भएको देखियो । शिक्षक-विद्यार्थी सम्बन्धमा विश्वास, आदर र आत्मीयता बढेको तथा कक्षाको वातावरण शान्त, समावेशी र सहयोगात्मक प्रकृतिको । यसबाट आधुनिक विद्यालय शिक्षामा पूर्वीय दर्शनको प्रयोगले शैक्षिक गुणस्तर र सिकाइको प्रभावकारितामा ठूलो योगदान पुर्‍याउन सक्ने निष्कर्ष निकालिएको छ । साथै अध्ययनले राष्ट्रिय पाठ्यक्रममा नैतिक शिक्षा र ध्यानजस्ता पूर्वीय अभ्यासहरू समावेश गर्नुपर्ने र शिक्षकहरूलाई यस्ता दर्शनको प्रयोगसम्बन्धी आवश्यक तालिम दिनुपर्ने सुझाव पेस गरेको छ । यसबाट विद्यार्थीहरूको सर्वाङ्गीण विकास र मूल्यआधारित शिक्षाको प्रवर्धन हुने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जी :** मूल्य-आधारित शिक्षा, विद्यालयमा ध्यान अभ्यास, शिक्षक-विद्यार्थी सम्बन्ध, ग्रामीण विद्यालय शिक्षा ।

## विषयपरिचय

नेपालजस्तो बहुसांस्कृतिक, बहुधार्मिक तथा दर्शनसम्पन्न समाजमा विद्यालय शिक्षा केवल पाठ्यपुस्तक-केन्द्रित ज्ञान हस्तान्तरणमा सीमित नरही जीवनपयोगी मूल्य, नैतिकता र चरित्र निर्माणसँग गाँसिनु आवश्यक मानिन्छ । यद्यपि पछिल्ला दशकमा आधुनिक विद्यालय प्रणालीमा पश्चिमी शैक्षिक प्रभाव तीव्र रूपमा हावी हुँदै गएसँगै विद्यार्थीहरूमा नैतिक मूल्य क्षीण हुँदै गएको, व्यवहार असन्तुलित बन्दै गएको तथा सामाजिक उत्तरदायित्वप्रति उदासीनता बढ्दै गएको चर्चा विभिन्न शैक्षिक अध्ययनहरूमा पाइन्छ (NepJOL, n.d.) । विशेषतः २०५५ सालपछिका पाठ्यक्रम सुधार प्रक्रियामा परम्परागत नैतिक तथा संस्कृत-आधारित शिक्षा क्रमशः हटाइएपछि युवा पुस्तामा अनुशासन, आदरभाव र आचरणगत संस्कारमा गिरावट आएको तथ्य विभिन्न अनुसन्धानहरूले औँल्याएका छन् (NepJOL, n.d.) ।

नेपालको राष्ट्रिय शिक्षा आयोग (२०४९) तथा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) का प्रतिवेदनहरूले पूर्वीय दर्शनमा आधारित नैतिक शिक्षाको विद्यालयस्तरमा न्यून उपस्थिति भएपछि विद्यार्थीहरू पैसाकेन्द्रित सोचतर्फ उन्मुख हुँदै विदेशी संस्कृतिप्रति अत्यधिक आकर्षित भएको र

त्यसको परिणामस्वरूप सकारात्मक सामाजिक व्यवहार तथा संस्कार कमजोर बन्दै गएको उल्लेख गरेका छन् (National Education Commission, 2049, Higher Level National Education Commission, 2055) । यी अवस्थाले वर्तमान शिक्षा प्रणालीप्रति गम्भीर आलोचनात्मक प्रश्न खडा गर्दछ–के हाम्रो शिक्षाले चरित्रवान्, मूल्यनिष्ठ र उत्तरदायी नागरिक उत्पादन गर्न सकेको छ? आधुनिक शिक्षालाई जीवनमूल्य र आध्यात्मिक चेतनासँग कसरी सन्तुलित रूपमा जोड्न सकिन्छ? यिनै प्रश्नहरूको उत्तर खोज्ने प्रयासस्वरूप यो अध्ययन केन्द्रित छ ।

नेपालको शिक्षा प्रणालीलाई समयसापेक्ष र प्रभावकारी बनाउने प्रयत्नमा परम्परागत तथा आधुनिक दृष्टिकोणको समन्वय अपरिहार्य ठानिन्छ । सिंह (२०२४) ले नेपालमा परम्परागत दर्शन र आधुनिक शिक्षाशास्त्रबीच समन्वय गर्दै पाठ्यक्रम सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ (Singh, 2024) । यसै सन्दर्भमा प्रस्तुत अध्ययनको उद्देश्य आधुनिक विद्यालय शिक्षामा पूर्वीय दार्शनिक सिद्धान्तहरू व्यवहारमा अपनाउँदा सिकाइ प्रक्रियामा आउने परिवर्तनलाई प्रमाणसहित मूल्याङ्कन गर्नु हो । विशेषतः ग्रामीण विद्यालयहरूको सन्दर्भमा स्थानीय संस्कार, सांस्कृतिक अभ्यास र समुदायको जीवनपद्धतिसँग मेल खाने शैक्षिक अभ्यास विकास गर्न पूर्वीय दर्शन उपयोगी हुन सक्ने विश्वास गरिएको छ । ग्रामीण समुदायहरूमा परम्परागत मूल्य र आध्यात्मिकता जनजीवनसँग नजिक रहेका कारण यस्ता शैक्षिक हस्तक्षेपहरू त्यहाँ सहज रूपमा स्वीकृत हुन सक्ने सम्भावना पनि देखिन्छ ।
कालीगण्डकी गाउँपालिका, गुल्मी एक पहाडी ग्रामीण क्षेत्र हो जहाँ जनसङ्ख्या करिब १५ हजार रहेको छ र साक्षरता दर ७९.६७ प्रतिशत छ (Edusanjal, n.d.) । यस स्थानीय तहमा कुल ४९ वटा विद्यालय सञ्चालनमा रहेका छन्, जसमध्ये अधिकांश सामुदायिक विद्यालयहरू हुन् (Edusanjal, n.d.) । भौगोलिक विकटता र साधन-स्रोतको सीमितताका बाबजुद पनि यहाँको समुदायमा संस्कार, अध्यात्म, सहकार्य र सामूहिक उत्तरदायित्वको भावना सुदृढ देखिन्छ । यस्ता सामाजिक-सांस्कृतिक परिवेशमा विद्यालय शिक्षालाई समुदायका मूल्य र जीवनशैलीसँग जोड्न सकेमा शैक्षिक गुणस्तर सुधारमा उल्लेखनीय टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ ।

यस अध्ययनले पूर्वीय दार्शनिक सिद्धान्तहरू–वेदान्त दर्शन, भगवद्गीता तथा बौद्ध शिक्षादर्शनलाई आधुनिक विद्यालय शिक्षामा प्रयोग गर्दा हुने सम्भावित शैक्षिक लाभहरूको खोजी गरेको छ । अध्ययनका मुख्य अनुसन्धान प्रश्नहरू यसप्रकार रहेका छन् : (१) पूर्वीय दर्शनका कुन-कुन तत्वहरू ग्रामीण विद्यालयको पाठ्यक्रम र दैनिक कक्षा क्रियाकलापमा समावेश गर्न सकिन्छ ? (२) यस्ता तत्वहरूको प्रयोगले विद्यार्थीको सिकाइ प्रक्रियामा कस्तो प्रभाव पार्दछ ? र (३) शिक्षक-विद्यार्थी सम्बन्ध तथा कक्षाको वातावरणमा के-कस्ता गुणात्मक परिवर्तन देखिन्छन् ? यी प्रश्नहरूको उत्तर खोज्न यस अध्ययनमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको छ ।

विद्यालय शिक्षाका सिद्धान्तहरू निर्माण र विकास गर्न विश्वभरि पूर्वीय तथा पश्चिमी दार्शनिक चिन्तनबाट मार्गदर्शन लिइएको पाइन्छ । दर्शनलाई शिक्षाको आधारस्तम्भका रूपमा लिइन्छ, किनकि यसले शिक्षा प्रणालीको उद्देश्य, मूल्य र दिशालाई समयानुकूल रूप दिन सहयोग गर्दछ (Bhattarai & G.C., 2075) । शिक्षा र दर्शनबीचको अन्तरसम्बन्धले शिक्षालाई केवल ज्ञान हस्तान्तरणको प्रक्रिया नभई मानव निर्माणको साधनका रूपमा स्थापित गर्दछ (Adhikari, 2072) । विशेषतः पूर्वीय दर्शन मानवजीवनका नैतिक, आध्यात्मिक र आचरणगत पक्षहरूमा केन्द्रित रहँदै मानवकल्याण र सदाचारलाई शिक्षाको मूल लक्ष्यका रूपमा प्रस्तुत गर्दछ (Dung, 2021) ।

## वेद र उपनिषद्-आधारित शैक्षिक चिन्तन

हिन्दू वैदिक दर्शनमा शिक्षा जीवनोद्धार र आत्मविकासको प्रमुख साधन हो भन्ने मान्यता पाइन्छ । वेदमा शिक्षालाई व्यक्तिलाई आत्मविश्वासी, अनुशासित र निष्काम (निस्वार्थ) बनाउने प्रक्रिया मानिएको छ (Bhattarai & G.C., 2075) । उपनिषद्हरूमा शिक्षा स्वतन्त्रता र आत्मबोधका लागि आवश्यक साधन हो भन्ने विचार व्यक्त गरिएको पाइन्छ, जहाँ शिक्षाको उद्देश्य आत्मज्ञान र मुक्ति प्राप्ति मानिएको छ (Adhikari, 2072) । आदिशंकराचार्यले शिक्षा भनेकै आत्मानुभूति हो भनी व्याख्या गर्नुभएको छ, जसअनुसार साँचो शिक्षा स्वयंलाई चिन्नु र विवेकपूर्ण जीवन जिउनु हो ( Adhikari, 2072) । यसैगरी, भगवद्गीतामा ज्ञानलाई सर्वोच्च र शुद्ध तत्वका रूपमा वर्णन गरिएको छ र निष्काम कर्मयोग–फलको आश नगरी कर्तव्य पालन–लाई जीवनको आदर्श मार्ग मानिएको छ (Subedi, 2024) । गीता-आधारित शिक्षादर्शनले विद्यार्थीमा निःस्वार्थ भावना, कर्तव्यनिष्ठा र नैतिक दृढता विकास गर्न शिक्षाले सक्रिय भूमिका खेल्नुपर्ने संकेत गर्दछ (Subedi, 2024) ।

## गीता र गुरु-शिष्य (शिक्षक-विद्यार्थी) सम्बन्ध

श्रीमद्भगवद्गीतामा कृष्ण र अर्जुनबीचको संवादलाई आदर्श शिक्षण-सिकाइ विधिको रूपकका रूपमा व्याख्या गरिएको छ । अर्जुनको मानसिक द्वन्द्व बुझी करुणामय परामर्शद्वारा मार्गदर्शन गर्ने कृष्णको शैली आजको कक्षाकोठामा शिक्षकले अपनाउन सक्ने प्रभावकारी शिक्षण दृष्टिकोणका रूपमा लिइन्छ (Subedi, 2024) । गीता-आधारित शैक्षिक अध्ययनहरूले गुरु-शिष्य संवाद, सहानुभूतिपूर्ण मार्गदर्शन र जीवनपाठ केन्द्रित शिक्षणले कक्षाको वातावरणलाई अधिक सकारात्मक, उत्पादनशील र अनुशासित बनाउने देखाएका छन् (Subedi, 2024) । साथै, योग, ध्यान र भक्तियोगजस्ता अवधारणाहरू विद्यार्थीको तनाव व्यवस्थापन, एकाग्रता अभिवृद्धि र नैतिक शिक्षा प्रवर्द्धनका लागि उपयोगी हुन सक्ने उल्लेख गरिएको छ (Subedi, 2024) । यस्ता अभ्यासहरूले शिक्षक-विद्यार्थी सम्बन्धमा विश्वास, सम्मान र आत्मीयता सुदृढ बनाउने निष्कर्ष विभिन्न शैक्षिक विश्लेषणहरूले प्रस्तुत गरेका छन् ।

## बौद्ध शिक्षादर्शन र विद्यार्थी-केन्द्रित सिकाइ

बौद्ध शिक्षादर्शनले शिक्षा प्रक्रियालाई आध्यात्मिक तथा नैतिक उन्नयनसँग जोड्दै दुःख, यसको कारण र निराकरणको मार्गबारे चेतना दिन केन्द्रित रहन्छ । चार आर्यसत्य र अष्टाङ्गिक मार्गलाई जीवन र शिक्षामा व्यवहारमा उतार्न सकिने मूल्यगत मार्गदर्शनका रूपमा व्याख्या गरिएको छ (Ghimire, Pandey, & Shukla, 2022) । बुद्ध शिक्षाले सत्यलाई जबरजस्ती थोपर्ने होइन, शिष्यलाई स्वयं अनुसन्धान, अनुभव र विवेकद्वारा सत्य खोज्न प्रेरित गर्नुपर्ने धारणा प्रस्तुत गर्दछ । "आफैं बुझ र परीक्षण गर" भन्ने बौद्ध दृष्टिकोणले स्वतन्त्र चिन्तन र आलोचनात्मक सोचलाई शिक्षाको केन्द्रमा राख्दछ (Ghimire et al., 2022) । यसै कारण बौद्ध शिक्षा प्रणाली परम्परागत शिक्षक-केन्द्रित शिक्षाको आलोचना गर्दै विद्यार्थी-केन्द्रित सिकाइलाई प्राथमिकता दिनेतर्फ उन्मुख रहेको देखिन्छ । आधुनिक शिक्षाशास्त्रमा विकसित student–centered learning र experiential learning का अवधारणासँग बौद्ध शिक्षादर्शनको गहिरो सामञ्जस्य पाइन्छ (Dung, 2021) । यसै सन्दर्भमा विश्वव्यापी रूपमा विद्यालयहरूमा ञ्ष्लमागलिभकक (सचेत ध्यान) कार्यक्रमहरू लागू भइरहेका छन्, जसको सैद्धान्तिक आधार बौद्ध ध्यान परम्परामा रहेको छ । यस्ता कार्यक्रमहरूले विद्यार्थी तथा शिक्षक दुवैको तनाव घटाई आत्मसंयम, सहानुभूति र कक्षाको सहभागिता बढाउने प्रमाण भेटिएको छ (Black & Fernando, 2014) ।

## पूर्वीय र पश्चिमी शैक्षिक दृष्टिकोणको तुलना

पूर्वीय दर्शनहरू (हिन्दू, बौद्ध, जैन आदि) र पश्चिमी शैक्षिक सिद्धान्तहरूबीच आधारभूत दृष्टिकोणगत भिन्नता देखिन्छ । पश्चिमी शिक्षाशास्त्रले विश्लेषणात्मक चिन्तन, व्यक्तिगत उपलब्धि र प्रतिस्पर्धालाई प्राथमिकता दिने प्रवृत्ति राख्दछ भने पूर्वीय दर्शनले सामूहिक कल्याण, नैतिक चरित्र निर्माण र आत्मिक शान्तिलाई शिक्षा प्रक्रियाको केन्द्रमा राख्दछ (Dung, 2021) । यद्यपि समकालीन शैक्षिक विमर्शमा पूर्वीय र पश्चिमी दृष्टिकोणको समन्वय आवश्यक ठानिन्छ । कतिपय विद्वानका अनुसार यदि शिक्षा प्रणालीले पूर्वीय मूल्य–जस्तै योग, ध्यान र नैतिक शिक्षा–लाई उपेक्षा गरी केवल पश्चिमी ढाँचामा सीमित रह्यो भने चरित्रवान् र उत्तरदायी नागरिक निर्माण गर्न कठिन हुन्छ (Sharma, 2025) । नेपालको सन्दर्भमा पाठ्यक्रमबाट नैतिक शिक्षाको क्रमशः हटाइँदै जानु र बढ्दो विदेशी सांस्कृतिक प्रभावले विद्यार्थीमा राष्ट्रिय चेतना र सांस्कृतिक पहिचान कमजोर हुनसक्ने चिन्ता पनि व्यक्त गरिएको छ (Sharma, 2025) ।

## साहित्य समीक्षाको समग्र निष्कर्ष

उपरोक्त साहित्यिक समीक्षाले स्पष्ट पार्दछ कि पूर्वीय दर्शनका मूल सिद्धान्तहरू–ज्ञानको शुद्धता, आत्मअनुशासन, करुणा, ध्यान र निष्काम कर्म–ऐतिहासिक रूपमा हाम्रो शिक्षा प्रणालीका अभिन्न अङ्ग थिए र ती आजका शैक्षिक चुनौतीहरूको सामना गर्न अझै सान्दर्भिक छन् । यस्ता सिद्धान्तहरूको व्यवहारिक प्रयोगले विद्यार्थीको शैक्षिक उपलब्धिसँगै समग्र व्यक्तित्व विकासमा समेत सकारात्मक प्रभाव पार्न सक्ने संकेत विभिन्न अध्ययनहरूले दिएका छन् (Black & Fernando, 2024; Subedi, 2024, Ghimire et al., 2022) । यसै आधारभूमिमा प्रस्तुत अध्ययनले ग्रामीण नेपाली विद्यालयको सन्दर्भमा पूर्वीय दार्शनिक सिद्धान्तहरूको व्यावहारिक प्रयोगलाई गुणात्मक प्रमाणमार्फत विश्लेषण गर्ने प्रयास गरेको छ ।

## सैद्धान्तिक रूपरेखा

यस अनुसन्धानको सैद्धान्तिक रूपरेखाले पूर्वीय दर्शनका प्रमुख सिद्धान्तहरू र आधुनिक शिक्षाशास्त्रीय अवधारणाबीचको अन्तर्सम्बन्धलाई स्पष्ट गर्दछ । अध्ययनको आधारभूत मान्यता के हो भने पूर्वीय दर्शनका केही मूल आयामहरूको विद्यालय शिक्षामा व्यवहारिक प्रयोगले सिकाइ अभ्यासमा गुणात्मक परिवर्तन ल्याउन सक्छ । यस सन्दर्भमा अनुसन्धानले निम्न तीन प्रमुख आयामलाई सैद्धान्तिक आधारका रूपमा ग्रहण गरेको छ ।

## मूल्य र नैतिकताको शिक्षण

पूर्वीय दर्शन–विशेषतः वेद, उपनिषद्, भगवद्गीता र बौद्ध शिक्षादर्शन–ले शिक्षालाई मानवको नैतिक तथा चारित्रिक विकाससँग घनिष्ठ रूपमा जोडेको देखिन्छ (Adhikari, 2024; Bhattarai & G.C., 2075; Ghimire, Pandey, & Shukla, 2022) । यस सैद्धान्तिक रूपरेखाअनुसार विद्यालय शिक्षाले पाठ्यक्रम तथा सह-पाठ्यक्रम गतिविधिहरूमार्फत सत्य, अहिंसा, अनुशासन, सेवा, कर्मयोग जस्ता जीवनमूल्यहरू विद्यार्थीमा विकास गर्ने लक्ष्य राख्दछ । धारणा के छ भने जब शिक्षाले ज्ञानसँगै जीवनपयोगी मूल्य र आत्मिक दिशानिर्देश प्रदान गर्दछ, विद्यार्थीहरूको व्यवहार, दृष्टिकोण र सामाजिक उत्तरदायित्वमा सकारात्मक परिवर्तन देखा पर्छ (Adhikari, 2072) । उदाहरणका रूपमा विद्यालयस्तरमा दैनिक प्रार्थना वा शान्तिपाठ, नैतिक कथा वाचन, सामूहिक सेवा कार्य र मूल्य-आधारित छलफलहरू सञ्चालन गर्दा विद्यार्थीमा सहानुभूति, सहकार्य र नैतिक चेतनाको विकास हुनसक्ने अपेक्षा यस रूपरेखाले गरेको छ ।

## गुरु-शिष्य (शिक्षक-विद्यार्थी) सम्बन्ध र शिक्षण विधि

पूर्वीय शैक्षिक परम्परामा गुरु-शिष्य सम्बन्धलाई केवल औपचारिक ज्ञान आदान-प्रदानको सम्बन्ध नभई पवित्र, भावनात्मक र नैतिक बन्धनका रूपमा लिइन्छ । गुरुलाई ज्ञानको मार्गदर्शक मात्र नभई चरित्रको आदर्श र जीवनदृष्टिको स्रोत मानिने परम्परा रहेको पाइन्छ (Bhattarai & G.C., 2075) । यसै परम्पराको समकालीन व्याख्याअन्तर्गत प्रस्तुत सैद्धान्तिक रूपरेखाले शिक्षकलाई विद्यार्थीसँग आत्मीय सम्बन्ध स्थापना गर्ने, विश्वासको वातावरण सिर्जना गर्ने तथा परामर्शदातृ भूमिकामा प्रस्तुत हुने प्रमुख घटकका रूपमा लिएको छ ।

भगवद्गीतामा कृष्णले अर्जुनको मानसिक अवस्था बुझी संवाद र करुणामय मार्गदर्शनमार्फत ज्ञान प्रदान गरेको शिक्षण शैलीलाई संवादमैत्री शिक्षण (dialogue–based teaching) को आदर्श नमूनाका रूपमा व्याख्या गरिएको छ (Subedi, 2024) । यस अवधारणालाई आधुनिक कक्षाकोठामा अनुकरण गर्दा शिक्षक-विद्यार्थी सम्बन्ध सुदृढ भई सिकाइ प्रक्रियामा द्वीपक्षीय सहभागिता बढ्ने परिकल्पना गरिएको छ । यस सैद्धान्तिक दृष्टिले शिक्षकलाई गुरु र अभिभावक दुवैको भूमिकामा रही विद्यार्थीलाई प्रश्न गर्न प्रेरित गर्ने, आलोचनात्मक सोच विकास गराउने र सहानुभूतिपूर्ण व्यवहार प्रदर्शन गर्ने अपेक्षा गर्दछ (Subedi, 2024) ।

## ध्यान र आत्मविकासमा केन्द्रित सिकाइ वातावरण

बौद्ध तथा योग दर्शनको प्रभावस्वरूप ध्यान, योग र आत्मचिन्तनलाई सिकाइ प्रक्रियामा समावेश गर्ने अवधारणालाई यस सैद्धान्तिक रूपरेखाले तेस्रो प्रमुख आयामका रूपमा समेटेको छ । बौद्ध शिक्षादर्शनले आत्मनिरीक्षण, सचेतता र मानसिक सन्तुलनलाई शिक्षाको अभिन्न पक्षका रूपमा प्रस्तुत गर्दछ (Ghimire et al., 2022) । आधुनिक शैक्षिक तथा मनोवैज्ञानिक अनुसन्धानहरूले कक्षाकोठामा ध्यान (ष्लमागलिभकक) तथा श्वास-प्रश्वास सम्बन्धी अभ्यास समावेश गर्दा विद्यार्थीहरूको एकाग्रता, व्यवहार नियन्त्रण र भावनात्मक सन्तुलनमा उल्लेखनीय सुधार आउने देखाएका छन् (Black & Fernando, 2014) । यसै आधारमा विद्यालयको दैनिक तालिकामा छोटो ध्यान सत्र, योगाभ्यास वा कक्षा सुरु हुनुअघि दुई-तीन मिनेट शान्त बस्ने अभ्यास समावेश गर्दा कक्षाको वातावरण शान्त, सकारात्मक र सिकाइ-अनुकूल बन्ने मान्यता यस रूपरेखाले अघि सारेको छ । यसका अतिरिक्त, आत्मचिन्तनात्मक अभ्यासहरूले विद्यार्थीलाई आफ्ना कमजोरी र शक्तिहरू पहिचान गर्न, तनाव व्यवस्थापन गर्न र आत्मनियन्त्रण सीप विकास गर्न सहयोग पुग्ने विश्वास गरिएको छ (Black & Fernando, 2014) ।

## पूर्वीय शिक्षा अभ्यास प्रारूप

उपर्युक्त तीनै आयामहरूको अन्तर्क्रियाबाट यो अध्ययनले पूर्वीय शिक्षा अभ्यास प्रारूप (Eastern Philosophy–Based Educational Practice Model) प्रस्ताव गरेको छ । यस प्रारूपअन्तर्गत ग्रामीण विद्यालयहरूमा छोटो अवधिका शैक्षिक हस्तक्षेपहरू लागू गर्ने अवधारणा राखिएको छ । उदाहरणका रूपमा, केही विद्यालयहरूमा शिक्षकहरूले हरेक दिन पहिलो घण्टामा पाँच मिनेट ध्यान अभ्यास गराउने, साप्ताहिक सभामा गीता श्लोक वा जातक कथा सुनाउने, तथा विद्यार्थीको आचरण मूल्याङ्कनमा सहयोग, सत्यनिष्ठा र अनुशासनजस्ता गुणलाई समेत समावेश गर्ने अभ्यासहरू प्रस्ताव गरिएको छ । यस प्रकारको अभ्यासले सिकाइ प्रक्रियामा के-कस्तो गुणात्मक परिवर्तन ल्याउँछ भन्ने मूल्याङ्कन गर्न यही सैद्धान्तिक रूपरेखाले अनुसन्धानलाई मार्गदर्शन गर्दछ ।

यसरी प्रस्तुत सैद्धान्तिक रूपरेखाले शिक्षा एक बहुआयामिक प्रक्रिया भएको दाबी गर्दछ, जहाँ ज्ञानसँगै नैतिकता, आत्मअनुशासन र मनोवैज्ञानिक स्वास्थ्यको प्रवर्द्धन समान रूपमा आवश्यक हुन्छ । पूर्वीय दर्शनका यी दृष्टिकोणहरूलाई व्यवहारमा उतार्ने स्पष्ट खाका प्रस्तुत गर्दै यो अध्ययनले ग्रामीण विद्यालय शिक्षामा तिनको प्रयोगात्मक मूल्य परीक्षण गर्ने प्रयास गरेको छ ।

## अनुसन्धान विधि

यस अध्ययनमा गुणात्मक अनुसन्धान डिजाइन अपनाइएको छ, जसले अध्ययन विषयको गहिराइमा पुगेर त्यसका अर्थ र सन्दर्भहरू बुझ्न सहयोग गर्दछ । विशेषतः यो एक केस-स्टडी (case study) प्रकृतिको अनुसन्धान हो, जसअन्तर्गत कालीगण्डकी गाउँपालिका, गुल्मी जिल्लामा अवस्थित दुईवटा सामुदायिक माध्यमिक विद्यालय–श्री जीवनोद्धार माध्यमिक विद्यालय (पुर्तीघाट) र श्री दुर्गा भवानी माध्यमिक विद्यालय (भुर्तुङ-छपचौर)–लाई अध्ययन स्थलका रूपमा चयन गरिएको छ । यी विद्यालयहरू ग्रामीण भौगोलिक परिवेशमा अवस्थित हुनुका साथै स्थानीय संस्कृति, संस्कार र समुदाय-आधारित मूल्यहरूसँग नजिक रहेका विद्यालयका रूपमा चिनिन्छन् । विद्यालय छनोट गर्दा उद्देश्यपूर्ण नमूना विधि (उगचउयकष्खभ ककउष्लिन) प्रयोग गरिएको थियो, जसको आधार स्थानीय मूल्य र पूर्वीय परम्परासँग विद्यालय अभ्यासको सम्भावित सामञ्जस्य मानिएको थियो ।

अध्ययनका लागि कुल २५ जना सहभागीहरूसँग अन्तर्क्रिया तथा अन्तरवार्ता गरिएको छ । सहभागीहरूमा पाँच जना अनुभवी शिक्षक (तीन पुरुष र दुई महिला), कक्षा ८ देखि १० सम्मका दस जना विद्यार्थी (पाँच छात्रा र पाँच छात्र), पाँच जना विद्यालय व्यवस्थापन समिति सदस्य तथा अभिभावक प्रतिनिधि, दुई जना प्रधानाध्यापक र तीन जना स्थानीय सामुदायिक अगुवा व्यक्तिहरू समावेश थिए । यसरी शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय प्रशासन र समुदायका प्रतिनिधिहरूलाई समेट्दा बहुपक्षीय दृष्टिकोणबाट तथ्याङ्क सङ्कलन गर्न सम्भव भएको छ ।

तथ्याङ्क सङ्कलनका लागि मुख्य रूपमा अन्तर्वार्ता, अवलोकन र कागजी/दस्तावेजी विश्लेषण विधि प्रयोग गरिएको थियो । शिक्षक, प्रधानाध्यापक तथा अभिभावकहरूसँग अर्ध-संरचित गहन अन्तर्वार्ता लिइयो, जसमा पूर्वनिर्धारित प्रश्नहरूका साथ सहभागीलाई आफ्ना अनुभव र धारणा स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर दिइएको थियो । अन्तर्वार्ताका विषयहरूमा विद्यालयमा ध्यान, नैतिक शिक्षा वा मूल्य-आधारित अभ्यासको प्रयोग, त्यसले विद्यार्थीको सिकाइ र शिक्षक-विद्यार्थी सम्बन्धमा पारेको प्रभावजस्ता पक्षहरू समेटिएका थिए । प्रत्येक अन्तर्वार्ता करिब ३० देखि ४५ मिनेटसम्म सञ्चालन गरियो र आवाज रेकर्ड गरी पछि पदप्रतिलिपि तयार गरियो ।

त्यसैगरी, चयन गरिएका विद्यालयका कक्षा ७ देखि ९ सम्मका केही कक्षाहरूको प्रत्यक्ष अवलोकन गरिएको थियो । अवलोकनका क्रममा एउटा विद्यालयमा दैनिक पाँच मिनेट सञ्चालन गरिने प्रार्थना वा ध्यान कार्यक्रम र अर्को विद्यालयमा हप्तामा एकपटक सञ्चालन हुने नैतिक शिक्षा सम्बन्धी कक्षा गतिविधिमा विशेष ध्यान दिइयो । शिक्षकको शिक्षण शैली, विद्यार्थीहरूको संलग्नता, कक्षा अनुशासन तथा समग्र कक्षाको वातावरणका बारेमा विस्तृत नोटहरू तयार पारियो । विशेषतः ध्यान सत्रपछि कक्षा सञ्चालन गर्दा विद्यार्थीको एकाग्रता, शान्ति र सहभागितामा आएको परिवर्तनलाई अवलोकनका आधारमा अभिलेख गरिएको थियो ।

यसका अतिरिक्त विद्यालयका पाठ्यक्रम, वार्षिक कार्ययोजना, आचारसंहिता, भित्तेपत्रिका, विद्यार्थी उपस्थिति अभिलेख तथा अनुशासनसम्बन्धी प्रतिवेदनजस्ता कागजातहरूको पनि विश्लेषण गरिएको

छ । यसले विद्यालयले मूल्य-आधारित शिक्षा र पूर्वीय दर्शनसँग सम्बन्धित अभ्यासलाई कत्तिको प्राथमिकता दिएको छ भन्ने कुरा बुझ्न सहयोग पुऱ्याएको छ ।

सङ्कलित गुणात्मक तथ्याङ्कको विश्लेषणका लागि थिमेटिक विश्लेषण विधि प्रयोग गरिएको छ । अन्तरवार्ता पदप्रतिलिपि र अवलोकन नोटहरूलाई पटक-पटक अध्ययन गरी खुला कोडिङ गरिएको थियो, जसबाट दोहोरिएर आएका विचार, अनुभव र अर्थपूर्ण कथनहरू पहिचान गरिए । त्यसपछि ती कोडहरूलाई वर्गीकरण गर्दै विद्यार्थीको व्यवहार परिवर्तन, शिक्षक-विद्यार्थी अन्तरङ्गता, कक्षा वातावरणमा शान्ति तथा अनुशासन, सांस्कृतिक स्वीकार्य र कार्यान्वयनका चुनौती जस्ता मुख्य थीमहरू विकास गरिए । यी थिमहरूलाई विभिन्न स्रोतका तथ्याङ्कसँग त्रिकोणिकरण गरी पुष्टि गरिएको छ, जसले निष्कर्षहरूको विश्वसनीयता बढाएको छ ।

गुणात्मक अनुसन्धानको विश्वसनीयता कायम गर्न त्रिकोणीकरणका साथै सदस्य जाँच (ःझदभच अजभअप) विधि अपनाइएको थियो । अन्तर्वार्ताबाट निकालिएका मुख्य सारांशहरू सम्बन्धित सहभागीलाई सुनाई उनीहरूको सहमति तथा आवश्यक संशोधन लिइएको थियो । अवलोकनबाट प्राप्त निष्कर्षहरू विद्यालयका प्रधानाध्यापकहरूसँग छलफल गरी बुझाइ मिल्दो छ कि छैन भन्ने कुरा पुष्टि गरिएको छ । अनुसन्धानका सम्पूर्ण चरणमा सहभागीहरूको पूर्वसहमति लिइएको थियो र गोपनीयता सुनिश्चित गर्न सबै नाम तथा पहिचानलाई कोडद्वारा प्रतिनिधित्व गरिएको छ । यसरी गुणात्मक अनुसन्धानका मान्य सिद्धान्तअनुसार विश्वसनीय र मान्य तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी यस अध्ययनका निष्कर्षहरू तयार पारिएका छन्, जसको व्याख्या र विश्लेषण आगामी खण्डमा प्रस्तुत गरिएको छ ।

## नतिजा र छलफल

सङ्कलित गुणात्मक तथ्याङ्कको विश्लेषणबाट आधुनिक विद्यालय शिक्षामा पूर्वीय दार्शनिक सिद्धान्तहरूको व्यावहारिक प्रयोगसँग सम्बन्धित पाँचवटा प्रमुख विषयगत नतिजाहरू उभरिएका छन् । यी नतिजाहरूले ग्रामीण विद्यालय शिक्षामा पूर्वीय दर्शनको प्रयोगले विद्यार्थीको सिकाइ, व्यवहार, शिक्षक-विद्यार्थी सम्बन्ध, कक्षाको वातावरण तथा सांस्कृतिक चेतनामा महत्वपूर्ण परिवर्तन ल्याउन सक्ने स्पष्ट संकेत गरेका छन् ।

पहिलो, पूर्वीय अभ्यासहरू समावेश गरिएको कक्षाहरूमा विद्यार्थीहरूको व्यवहार र सिकाइमा सकारात्मक रूपान्तरण देखिएको छ । दैनिक पाँच मिनेटको ध्यान कार्यक्रम सञ्चालन गरिएका कक्षाहरूमा विद्यार्थीहरूमा अनुशासन र एकाग्रतामा सुधार आएको सबै शिक्षकहरूले साझा गरेका छन् । एक शिक्षकका अनुसार, विद्यार्थीहरू पहिलेको तुलनामा कक्षामा बढी ध्यानपूर्वक बस्न थालेका छन्, कक्षाभित्रको होहल्ला कम भएको छ र नयाँ विषयवस्तु छिटो बुझ्न थालेका छन् । कक्षाको अवलोकनले पनि ध्यानपछि सञ्चालन हुने कक्षाहरूमा अरू समयमा भन्दा कम अवरोध र बढी सक्रिय सहभागिता देखिएको पुष्टि गरेको छ । विद्यार्थीहरूको अनुभव पनि यससँग मेल खान्छ । एक छात्राले अन्तर्वार्तामा बताएअनुसार, पहिले दिमागमा धेरै कुरा खेलिरहन्थ्यो भने ध्यान अभ्यासपछि मन शान्त भई पढाइमा ध्यान केन्द्रित गर्न सजिलो भएको छ । यसले ध्यानजस्ता पूर्वीय अभ्यासले विद्यार्थीको स्वनियन्त्रण क्षमता र एकाग्रता अभिवृद्धि गर्न सहयोग गरेको देखाउँछ (Black & Fernando, 2014) । साथै, हप्तामा एकपटक नैतिक कथा वा गीता श्लोक समावेश गरिएका कक्षाहरूमा विद्यार्थीहरूले पाठ्यविषयलाई जीवनमूल्यसँग जोडेर बुझ्न थालेको शिक्षकहरूको भनाइ छ । यसले विद्यार्थीमा सहकार्य, अरूको कुरा ध्यानपूर्वक सुन्ने र समूहगत सिकाइमा सहयोग गर्ने व्यवहार बढाएको देखिन्छ ।

दोस्रो, शिक्षक-विद्यार्थी सम्बन्धमा निकटता र विश्वासको भावना उल्लेखनीय रूपमा वृद्धि भएको पाइयो । पूर्वीय गुरु-शिष्य परम्पराको भावनालाई आत्मसात् गरेका शिक्षकहरूले आफू र विद्यार्थीबीचको सम्बन्ध पहिलेभन्दा आत्मीय बनेको अनुभव व्यक्त गरेका छन् । एक विद्यालयमा कक्षा सुरु हुनु अघि दुई मिनेट प्रार्थना गर्ने र सकारात्मक सन्देश आदानप्रदान गर्ने अभ्यास सुरु गरेपछि शिक्षक-विद्यार्थी संवादमा सहजता आएको देखियो । अन्तर्वार्तामा एक शिक्षकले भने, यस्तो अभ्यासले आफू पनि विद्यार्थीहरूसँग नजिक भएको महसुस हुने र विद्यार्थीहरूले समस्या वा जिज्ञासा खुलेर राख्न थालेको बताए । विद्यार्थीहरूको दृष्टिकोणबाट पनि शिक्षकप्रति विश्वास र सम्मान बढेको देखिन्छ । एक कक्षा ९ का विद्यार्थीका अनुसार, शिक्षकले गाली नगरी सम्झाउने शैली अपनाएकाले उहाँको कुरा मान्न मन लाग्ने गरेको छ । यस्ता अभिव्यक्तिले पूर्वीय शैलीको शिक्षक व्यवहारले कक्षामा आपसी सम्मान र विश्वासको संस्कृति विकास गरेको संकेत गर्दछ, जसको परिणामस्वरूप पढाइप्रतिको उत्प्रेरणा र सहभागिता बढेको देखिन्छ ।

तेस्रो, कक्षाको वातावरण शान्त, सहयोगात्मक र सामूहिकतामा आधारित बनेको पाइयो । पूर्वीय दर्शनबाट प्रभावित गतिविधिहरू, विशेषतः बौद्ध ध्यान र करुणामा आधारित अभ्यासहरू सञ्चालन गरिएका कक्षाहरूमा विद्यार्थीबीच सहानुभूति र सहयोगभाव वृद्धि भएको शिक्षक तथा अभिभावक दुवैले अनुभव गरेका छन् । एक अभिभावकले विद्यालय बैठकमा आफ्ना बालबालिका घरमा पनि पहिलेभन्दा सहयोगी र भद्र बनेको उदाहरण प्रस्तुत गरे । कक्षाको अवलोकनमा समूहगत गतिविधि गर्दा विद्यार्थीहरूले कमजोर साथीलाई सिकाउन मद्दत गर्ने र आफ्ना अनुभव खुला रूपमा साझा गर्ने व्यवहार देखिएको छ, जुन परम्परागत प्रतिस्पर्धात्मक वातावरणभन्दा फरक थियो । शिक्षकहरूले यस परिवर्तनलाई "कक्षामा परिवारजस्तै माहोल" बनेको रूपमा वर्णन गरेका छन् । यसले पूर्वीय सामूहिकता र सहकार्यको भावना विद्यालय शिक्षामा स्थापित हुँदा सहयोगी सिकाइ वातावरण निर्माण हुन सक्ने देखाउँछ ।

चौथो, पूर्वीय दर्शनको प्रयोगले विद्यार्थी र अभिभावकहरूमा सांस्कृतिक पहिचान र गर्वको भावना बढाएको सामाजिक-मनोवैज्ञानिक नतिजा देखिएको छ । विद्यालयका अभ्यासहरूमा स्थानीय संस्कृति, वेद, उपनिषद् र बौद्ध शिक्षाका तत्वहरू समावेश गरिँदा विद्यार्थीहरूले आफ्नै परम्परा र मूल्यप्रति सकारात्मक दृष्टिकोण विकास गरेको अनुभव व्यक्त गरेका छन् । एक विद्यालयले वार्षिकोत्सव कार्यक्रममा वेदको शान्तिपाठ र बुद्ध वाणी वाचन समावेश गर्दा अभिभावकहरूले आफ्ना छोराछोरीहरूले आफ्नै संस्कृति सिक्दैछन् भन्ने सन्तुष्टि महसुस गरेका थिए । एक अभिभावकले अन्तर्वार्तामा संस्कृत श्लोक वाचन सुन्दा अत्यन्तै खुसी लागेको र बालबालिकाले बिर्सँदै गएका संस्कार पुनः सिक्न थालेको बताए । यसरी पूर्वीय दर्शनको प्रयोगले विद्यालय र समुदायबीचको सम्बन्ध मजबुत भई शिक्षा र संस्कृतिबीचको दूरी घटाएको देखिन्छ ।

पाँचौं, यद्यपि नतिजाहरू अधिकांशतः सकारात्मक देखिए, कार्यान्वयनका क्रममा केही व्यावहारिक चुनौतीहरू पनि उजागर भए । केही शिक्षकहरूले प्रारम्भमा पूर्वीय अभ्यासहरू दैनिक पाठ्यक्रममा समावेश गर्न समय अभाव र परीक्षाकेन्द्रित प्रणालीको दबाबका कारण हिचकिचाहट देखाएका थिए । त्यस्तै, केही अभिभावकहरूले अत्यधिक धार्मिक पक्ष विद्यालयमा ल्याउँदा विभिन्न पृष्ठभूमिका विद्यार्थीहरू असहज हुन सक्ने चिन्ता व्यक्त गरेका थिए । उदाहरणका रूपमा, गैर-हिन्दू विद्यार्थीले गीता श्लोक कण्ठ गर्दा असहज महसुस गरेको घटना उल्लेख गरिएको थियो । तर विद्यालयले पछि सबै धर्ममा साझा हुने नैतिक मूल्य र सार्वभौम सन्देशमा केन्द्रित सामग्री प्रयोग गरेपछि यो समस्या

समाधान भएको देखियो । यसले पूर्वीय दर्शनको प्रयोग गर्दा समावेशिता र धर्मनिरपेक्षताको सन्तुलन कायम गर्नु अत्यन्त महत्त्वपूर्ण रहेको देखाउँछ । साथै, ध्यान र योगजस्ता गतिविधिका लागि प्रशिक्षित जनशक्ति र समय व्यवस्थापनको अभाव पनि चुनौतीका रूपमा देखा पर्‍यो । यद्यपि, छोटो अवधिमै विद्यार्थीको व्यवहार र सिकाइमा देखिएको सकारात्मक परिवर्तनले शिक्षक र विद्यालय प्रशासनलाई यस्ता अभ्यास निरन्तरता दिन प्रेरित गरेको पाइयो ।

समग्रमा, यी नतिजाहरूले पूर्वीय दार्शनिक सिद्धान्तहरूको सावधानीपूर्वक, सान्दर्भिक र समावेशी प्रयोगले ग्रामीण विद्यालयहरूमा शैक्षिक वातावरण र सिकाइ गुणस्तरमा सकारात्मक रूपान्तरण सम्भव रहेको संकेत गर्छन् । यद्यपि कार्यान्वयनका क्रममा सानातिना संशोधन र सांस्कृतिक संवेदनशीलता आवश्यक देखिएको छ, समग्र प्रभाव उत्साहजनक र आशाजनक रहेको पाइयो । आगामी छलफल खण्डमा यी नतिजाहरूको व्याख्या सम्बन्धित सिद्धान्त र अघिल्ला अनुसन्धानको आलोकमा विस्तृत रूपमा गरिनेछ ।

उक्त नतिजाहरूबाट स्पष्ट हुन्छ कि पूर्वीय दर्शनका व्यावहारिक तत्वहरू आधुनिक विद्यालय शिक्षामा योजनाबद्ध र सान्दर्भिक ढङ्गले समावेश गर्दा बहुआयामिक शैक्षिक लाभ हासिल गर्न सकिन्छ । यस छलफल खण्डमा अध्ययनबाट प्राप्त प्रमुख निष्कर्षहरूलाई विद्यमान अनुसन्धान, शिक्षाशास्त्रीय सिद्धान्त तथा पूर्वीय दार्शनिक मान्यतासँग तुलना गरी तिनको व्यापक अर्थ र निहितार्थ स्पष्ट गरिएको छ ।

अध्ययनको पहिलो प्रमुख निष्कर्ष विद्यार्थीको व्यवहार र एकाग्रतामा आएको सुधारसँग सम्बन्धित छ । यस अनुसन्धानले देखाएको ध्यान तथा मूल्य-आधारित शिक्षाजन्य सकारात्मक प्रभावलाई मनोविज्ञान र शिक्षाशास्त्रका अघिल्ला अध्ययनहरूले पनि समर्थन गरेका छन् । ब्ल्याक र फर्नान्डो ( २०१४) ले प्राथमिक तहका विद्यार्थीहरूमा सञ्चालन गरिएको दैनिक ध्यान कार्यक्रमले ध्यान केन्द्रित गर्ने क्षमता, आत्मनियन्त्रण र कक्षाको सहभागिता उल्लेखनीय रूपमा सुधार गरेको निष्कर्ष निकालेका छन् । हाम्रो अध्ययनले ग्रामीण नेपाली सन्दर्भमा पनि ध्यान अभ्यासले उस्तै प्रभाव पारेको देखाएको छ, जसले पूर्वीय अभ्यासहरूको सार्वभौमिक उपयोगितालाई पुष्टि गर्दछ । यद्यपि ध्यान र योगजस्ता विधिहरू मूलतः हिन्दू-बौद्ध परम्पराबाट विकसित भए तापनि आज विश्वका धर्मनिरपेक्ष विद्यालयहरूले पनि बाल्यावस्था देखि किशोरावस्थासम्मका विद्यार्थीका लागि यस्ता अभ्यासहरू अपनाइरहेका छन् । यसले शिक्षा क्षेत्रमा पूर्वीय ज्ञानले वैज्ञानिक विश्वसनीयता प्राप्त गरिरहेको संकेत गर्दछ । हाम्रो अध्ययनमा विद्यार्थीहरूले ध्यानपछि मानसिक शान्ति र सिकाइमा सुधार महसुस गरेको बताएका छन्, जसले शिक्षा मनोविज्ञानमा प्रतिपादित आत्म-सचेतना क्षमतालाई बलियो बनाउने तर्कलाई समर्थन गर्दछ ।

दोस्रो प्रमुख निष्कर्ष शिक्षक-विद्यार्थी सम्बन्धमा आएको सकारात्मक परिवर्तनसँग सम्बन्धित छ, जसले गुरु-शिष्य परम्पराको आधुनिक सन्दर्भमा प्रासङ्गिकता उजागर गर्छ । अघिल्ला अनुसन्धानहरूमा पनि सहृदयी र सहयोगी शिक्षक व्यवहारले विद्यार्थीको प्रेरणा र शैक्षिक उपलब्धि बढाउने देखाइएको छ । हाम्रो अध्ययनमा शिक्षकहरूले पूर्वीय दृष्टिकोणअनुसार आफूलाई कठोर अनुशासकभन्दा हितैषी मार्गदर्शकको भूमिकामा प्रस्तुत गर्दा विद्यार्थीहरूले उनीहरूप्रति बढी विश्वास, सम्मान र निकटता व्यक्त गरेको पाइयो । यही विश्वासका कारण कक्षाको अनुशासनसम्बन्धी समस्या स्वतः घटेको र सिकाइ वातावरण सहयोगी बनेको देखिन्छ । यो निष्कर्ष आब्राहम मास्लोको आवश्यकता सिद्धान्तसँग पनि मेल खान्छ, जसअनुसार सुरक्षाको भावना र

सम्बन्धको अपनत्व प्राप्त भएपछि मात्र विद्यार्थीहरू उच्च तहको सिकाइतर्फ अग्रसर हुन्छन् । पूर्वीय दर्शनमा गुरुलाई माता-पिताको समान स्थान दिइनु र 'गुरु' शब्दलाई अज्ञानरूपी अन्धकार हटाउने प्रकाशका रूपमा व्याख्या गरिनु व्यवहारिक रूपमा पनि सही सावित भएको देखिन्छ । यसले शैक्षिक अनुशासनमा व्यवहारवादी दृष्टिकोण मात्र नभई मानवीय र भावनात्मक संवेदनशीलता जोड्दा सिकाइ प्रक्रिया अझ गुणस्तरीय हुने पुष्टि गर्दछ ।

तेस्रो निष्कर्ष कक्षा वातावरणमा सामूहिकता, शान्ति र सहयोगभाव स्थापित हुनु हो । यसले शिक्षालाई अत्यधिक प्रतिस्पर्धामुखी र व्यक्तिगत उपलब्धिकेन्द्रित बनाउने वर्तमान प्रवृत्तिमाथि पुनर्विचार गर्नुपर्ने संकेत गर्छ । पूर्वीय संस्कृति सामूहिक कल्याण र सहयोगमूलक जीवनदृष्टिमा आधारित छ । यस अध्ययनमा कक्षाभित्र सहकार्य र परस्पर सहयोगको वृद्धि समुदायकेन्द्रित शिक्षण अभ्यासका कारण सम्भव भएको देखियो । यो नतिजा भुटानको 'ग्रस नेसनल ह्यापिनेस' अवधारणासँग मेल खान्छ, जसले शिक्षा प्रणालीलाई नैतिकता र सामूहिक सुखको दिशामा उन्मुख गराउँछ । हाम्रो अध्ययनमा समूहगत प्रार्थना, संस्कृत श्लोक वाचनजस्ता साना अभ्यासहरूले पनि विद्यार्थीहरूमा साझा पहिचान र एकताको अनुभूति गराएको पाइयो । यसले community of learners भन्ने आधुनिक अवधारणालाई सुदृढ बनाउँछ, जहाँ कक्षा साझेदार सिकाइको थलो बन्छ । साथै, आफ्नै सांस्कृतिक विरासतप्रति गर्व बढ्नु भनेको विद्यार्थीको आत्मपहिचान बलियो हुनु हो, जसले दीर्घकालीन शैक्षिक सफलता र आत्मविश्वासमा सकारात्मक प्रभाव पार्दछ ।

यद्यपि, अध्ययनका निष्कर्षले कार्यान्वयनका केही चुनौतीहरू पनि उजागर गरेका छन् । धर्मनिरपेक्ष शिक्षा प्रणालीमा पूर्वीय दर्शन–जसले प्रायः आध्यात्मिक वा धार्मिक आयाम बोकेको हुन्छ–लाई कसरी समावेश गर्ने भन्ने विषयमा विशेष संवेदनशीलता आवश्यक देखिन्छ । अध्ययनमा केही विद्यार्थी र अभिभावकले धार्मिक पक्ष हावी हुने हो कि भन्ने असहजता व्यक्त गरेका छन्, जसले स्पष्ट गर्छ कि विद्यालय शिक्षामा 'धार्मिक शिक्षा' होइन, 'मूल्य-आधारित शिक्षा' केन्द्रमा राखिनुपर्छ । यसकारण पाठ्यक्रम र गतिविधिहरूमा सर्वधर्मसमभाव र सार्वभौम मान्यतामा आधारित सन्देशहरू मात्र समावेश गर्नु उपयुक्त हुन्छ । हाम्रो अध्ययनमा गीता वा बौद्ध शिक्षालाई कुनै धर्मप्रतिको आस्था थोपर्ने रूपमा नभई कर्तव्य, ज्ञान, करुणा र आत्मअनुशासनजस्ता साझा मूल्यसँग जोड्दा असहजता घटेको देखियो । यस सन्तुलनलाई बेवास्ता गरेमा पूर्वीय दर्शनको प्रयोगले सामाजिक ध्रुवीकरणको जोखिम निम्त्याउन सक्ने भएकाले शिक्षक र विद्यालय प्रशासनको संवेदनशीलता अत्यन्त महत्त्वपूर्ण देखिन्छ ।

समग्रमा, हाम्रो अध्ययनका निष्कर्षहरू विद्यमान साहित्य र सैद्धान्तिक अपेक्षासँग प्रायः मेल खाने भए पनि ग्रामीण नेपाली सन्दर्भमा यसले केही नवीन दृष्टिकोण प्रस्तुत गरेको छ । यस केस-स्टडीले देखाएको छ कि परम्परागत संस्कृतिसँग नजिक रहेका समुदायमा शैक्षिक सुधारको प्रभावकारी बाटो त्यही संस्कृतिका मूल्यलाई पुनःशैक्षिक अभ्याससँग जोड्नु हो । शिक्षा समाजको ऐना हो भन्ने मान्यताअनुसार, समाजको दार्शनिक मूलबाट टाढिएको शिक्षा प्रणालीले स्पष्ट प्रतिबिम्ब दिन सक्दैन । बरु, शिक्षा र संस्कृतिबीचको खाडल पूर्ति गर्न पूर्वीय दर्शनको समावेशीकरण उपयोगी माध्यम बन्न सक्छ । यस सन्दर्भमा अघिल्ला अध्ययनहरूले पनि पूर्वीय दर्शनले पश्चिमी लोकप्रिय संस्कृतिको अन्धानुकरणबाट जोगाई मौलिक मूल्यप्रतिको चेतना विकास गर्न मद्दत गर्ने तर्क प्रस्तुत गरेका छन् ।

अन्ततः, यस छलफलको सार के हो भने आधुनिक शिक्षामा गुणात्मक सुधार चाहिने हो भने हामीले आफ्नै दार्शनिक जरा र मूलतत्त्वतर्फ फर्केर हेर्नु अपरिहार्य छ । तर यो फर्किनु पुरातनता वा अवैज्ञानिकताको प्रतीक होइन; बरु यो आधुनिक शिक्षालाई अझ मानवीय, सन्तुलित र सुदृढ बनाउने पुनर्समिश्रण (reintegration) हो । पश्चिमी समाजहरू स्वयं पूर्वीय दर्शनका अभ्यासहरू प्रयोग गरी शिक्षाक्षेत्रमा नवीनता खोजिरहेका बेला, नेपालजस्तो समाजसँग त आफ्नै समृद्ध दार्शनिक धरोहर विद्यमान छ । अब आवश्यक कुरा भनेको यस्ता अभ्यासहरूलाई प्रमाणसहित नीतिगत तहमा मान्यता दिई व्यवस्थित रूपमा विस्तार गर्नु हो, जसको व्यावहारिक मार्गदर्शन अन्तिम खण्डमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

यस अध्ययनको समग्र निष्कर्ष के हो भने आधुनिक नेपाली विद्यालय शिक्षामा पूर्वीय दार्शनिक सिद्धान्तहरूको व्यावहारिक प्रयोग सम्भव, सान्दर्भिक र प्रभावकारी छ । गुणात्मक दृष्टिकोणबाट गरिएको यस अनुसन्धानले विद्यालयको दैनिक अभ्यासमा ध्यान, नैतिक शिक्षा, गुरु-शिष्य परम्पराको आत्मीयता तथा मूल्य-आधारित शिक्षण जस्ता पूर्वीय तत्वहरू समावेश गर्दा विद्यार्थीको व्यवहार, सिकाइ प्रक्रिया र समग्र शैक्षिक वातावरणमा उल्लेखनीय सकारात्मक रूपान्तरण देखिएको स्पष्ट गरेको छ । विशेषतः ग्रामीण विद्यालयको सन्दर्भमा गरिएको यस केस-स्टडीले पूर्वीय दर्शन आधुनिक शिक्षासँग असंगत नभई त्यसको मानवीय, नैतिक र मनोवैज्ञानिक आधारलाई थप सुदृढ बनाउने महत्वपूर्ण स्रोत हुन सक्ने देखाएको छ । यस अध्ययनले परम्परागत र आधुनिक शिक्षाबीच द्वन्द्व नभई सहकार्यको सम्भावना रहेको प्रमाण प्रस्तुत गरेको छ, जहाँ पूर्वीय ज्ञानले आधुनिक शिक्षालाई उद्देश्य, मूल्य र सन्तुलन प्रदान गर्न सक्छ । यस अध्ययनबाट निम्न प्रमुख निष्कर्षहरू निकाल्न सकिन्छ :

- पूर्वीय दर्शनमा आधारित ध्यान, योग र नैतिक शिक्षाजस्ता अभ्यासहरूले विद्यार्थीहरूको एकाग्रता वृद्धि, तनाव नियन्त्रण, आत्मअनुशासन र सकारात्मक व्यवहार विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । छोटो अवधिमै कक्षाकोठा व्यवहार र सिकाइ निरन्तरतामा आएको सुधारले यस्ता अभ्यासहरूको शैक्षिक प्रभावकारिता स्पष्ट गर्दछ ।
- गुरु-शिष्य परम्पराबाट प्रेरित शिक्षक-विद्यार्थी सम्बन्धले कक्षाकोठामा विश्वास, सम्मान र आत्मीयता बढाएको देखिएको छ । शिक्षकले करुणा, मार्गदर्शन र सहृदयी व्यवहार अपनाउँदा विद्यार्थीहरूको प्रेरणा, सहभागिता र सिकाइप्रतिको रुचि उल्लेखनीय रूपमा बढेको पाइयो ।
- विद्यालय शिक्षालाई स्थानीय संस्कृति र समुदायसँग जोड्दा सामुदायिक सहभागिता, अपनत्व र विद्यालयप्रतिको विश्वास सुदृढ भएको देखियो । परम्परागत प्रार्थना, नैतिक कथा र सांस्कृतिक अभ्यासले विद्यार्थीहरूमा आफ्नो पहिचान र मूल्यप्रतिको चेतना बलियो बनाएको छ ।
- पूर्वीय दर्शनको प्रयोगले कक्षाकोठा वातावरणलाई शान्त, सहयोगात्मक र सामूहिकतामा आधारित बनाएको पाइयो, जसले प्रतिस्पर्धामुखी सिकाइको सट्टा सहकार्य र साझा सिकाइ संस्कृतिको विकासमा योगदान पुर्‍याएको छ ।
- यद्यपि पाठ्यक्रमको दबाब, समय व्यवस्थापन, स्रोतसाधनको अभाव र धार्मिक संवेदनशीलताजस्ता व्यावहारिक चुनौतीहरू देखिए पनि अभ्यासहरूको धार्मिक आयामभन्दा सार्वभौम मानवीय मूल्यलाई केन्द्रमा राख्दा ती चुनौतीहरू व्यवस्थापन गर्न सकिने देखिएको छ ।

- यस अध्ययनले पूर्वीय दर्शनको प्रयोगलाई धर्मनिरपेक्ष र समावेशी ढङ्गले प्रस्तुत गर्न सकेमा नेपालको बहुसांस्कृतिक समाजमा सबै सरोकारवालाले सहज रूपमा स्वीकार गर्न सक्ने निष्कर्ष दिएको छ ।
- अन्ततः, पूर्वीय दार्शनिक सिद्धान्तहरू आधुनिक विद्यालय शिक्षामा समावेश गर्दा शैक्षिक परिवेश अधिक नैतिक, अनुशासित, आत्मसचेत (कभाी-बधबचभ) र सहानुभूतिपूर्ण बन्दै जाने देखिएको छ, जसले दीर्घकालीन रूपमा गुणस्तरीय शिक्षाका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउँछ ।

समग्रमा आधुनिक शिक्षामा मूल्यको पुनर्स्थापना र गुणात्मक सुधारका लागि पूर्वीय दार्शनिक सिद्धान्तहरूको प्रयोग कुनै पुरातन वा अवैज्ञानिक अभ्यास नभई समसामयिक र दूरदर्शी शैक्षिक उपाय हो । यस अध्ययनले देखाएको छ कि विद्यालय शिक्षाले पूर्वीय र पश्चिमी दुवै दृष्टिकोणका उत्कृष्ट पक्षलाई समेटेर अघि बढ्दा अन्तर्राष्ट्रिय स्तरको शैक्षिक उपलब्धि हासिल गर्दै आफ्नै संस्कृति र सभ्यताका जरा सुरक्षित राख्न सकिन्छ । यसबाट भविष्यमा निष्ठावान्, आत्मनिर्भर र सुसंस्कृत नागरिक निर्माण गर्ने साझा लक्ष्यतर्फ शिक्षा प्रणाली अग्रसर हुन सक्ने अपेक्षा गरिएको छ ।

## सन्दर्भसामग्री सूची

Adhikari, T. (2072 B.S.). *Theoretical and sociological basis of education.* Kathmandu: Quest Publications Pvt. Ltd.

Bhattarai, H. G. C., & G. C., K. B. (2075 B.S.). *Foundations of education.* Kathmandu: Jupiter Printing and Publishing House.

Black, D. S., & Fernando, R. (2014). Mindfulness training and classroom behavior among lower-income and ethnic minority elementary school children. *Journal of Child and Family Studies, 23*(7), 1242–1246. https://doi.org/10.1007/s10826-013-9784-4

Dung, L. A. (2021). The perspective on humans in Eastern philosophy. *European Journal of Social Sciences Studies, 6*(5). https://doi.org/10.46827/ejsss.v6i5.1117

Ghimire, B. K., Pandey, B. D., & Shukla, R. (2022). Educational Philosophy of Buddhism in the Present Perspective. *International Journal of Innovative Research in Engineering & Management, 9*(5), 296–301.

Pande, P. (2019, August 15). Application of Eastern philosophy in the education system. *Kharibot*. https://www.kharibot.com/news-details/38638/kharibot

Sharma, Y. R. (2025). The influence of Orientalism on the curriculum of higher education. *The Journal of Musikot Multiple Campus, 3*(1), 171–185.

Singh, R. K. (2024). Revamping Nepal's education system: Bridging traditional and modern pedagogies. *American Journal of Language, Literacy and Learning in STEM Education, 2*(9), 56–61.

Subedi, R. P. (2024). Teachings of Shrimad Bhagavad Gita to modern education: Exploring life lessons. *Prithvi Journal of Research and Innovation, 6*(1), 78–86. https://doi.org/10.3126/pjri.v6i1.72859

Center for Education and Human Resource Development **(**CEHRD**)**. (2023). *Educational Statistics of Kaligandaki Rural Municipality*. (Data retrieved from Edusanjal on school count and literacy).